## मानव बेचविखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय समितिको सदस्य छनौट मापदण्ड,२०७४

मानव बेचविखन तथा ओसारपसार विरुद्ध आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृतको लागि सम्बन्धित निकायमा पठाउन, स्वीकृत भएको नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न गराउने सो को अनुगमन मूल्याकंन गर्न, विदेशमा अलपत्र परेका पीडितहरुको उद्धार गर्न तथा निजको सहमतिमा स्वदेश फर्काउन, जिल्ला समितिको काम कारवाहीको समन्वय तथा अनुगमन गर्न, नेपाल पक्ष भएका मानव बेचविखन तथा ओसारपसारसँग सम्बन्धित अन्तरराष्ट्रिय तथा क्षेत्रीय संभौताहरुको विभिन्न मापदण्ड बनाई कार्यान्वियन गर्न एवम् मानव बेचविखन तथा ओसारपसारसँग घटित घट्नाको लगत तथा अभिलेख राख्न यस राष्ट्रिय समितिको सदस्य छनौट तयार गरी लागू गर्न वाञ्छनीय भएकोले,

मानव बेचविखन तथा ओसारपसार(नियन्त्रण) ऐन,२०६४ को दफा २३ ले दिएको अधिकार प्रयोग गर्दै मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ को नियम ३(१) अनुसार गठन हुने राष्ट्रिय समितिको ३(१) को बुँदा ( छ) र (ज) बमोजिमका सदस्यहरु मनोनयन गर्न मन्त्रालयले यो मापदण्ड बनाई लागू गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस मापदण्डको नाम **"मानव बेचविखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय समितिको सदस्य छनौट मापदण्ड, २०७४"** रहेको छ ।

(ख) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा:**

(क) "मानव बेचविखन तथा ओसारपसार विरुद्धको क्षेत्रमा कार्यरत संस्था वा व्यक्तिहरु" भन्नाले नेपाल भित्र वा बाहिर कुनै पनि देशमा मानव बेचविखन तथा ओसारपसारबाट पीडित प्रभावित व्यक्तिहरुको लागि उद्धार, स्वदेश फिर्ता, हेरचाह, संरक्षण, पुनर्स्थापना तथा पुन:एकीकरण लगायतका सेवा प्रदान गर्ने उद्देश्यले संविधान तथा अन्य ऐन, कानूनहरु बमोजिम स्थापना भएका गैर नाफामूलक, आफ्नो छुट्टै ऐनद्धारा परिचालित संस्था वा व्यक्ति सम्भन्नु पर्दछ ।

(ख) "राष्ट्रिय समिति" भन्नाले मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २३ बमोजिम गठित मानव बेचविखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय समिति सम्भन्नु पर्दछ ।

(ग) "नियमावली" भन्नाले मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) नियमावली,२०६५ सम्भन्नु पर्दछ ।

(घ) "जिल्ला समिति" भन्नाले मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २३ बमोजिम जिल्ला समितिलाई सम्भन्नु पर्दछ ।

(च) "मन्त्रालय" भन्नाले महिला, वालबालिका तथा समाजकल्याण मन्त्रालय सम्भन्नु पर्दछ ।

**३.राष्ट्रिय समितिका सदस्यहरुको छनौट प्रकृया:**

ऐनको दफा २३ बमोजिमको राष्ट्रिय समितिमा सदस्यको पदभार ग्रहण गर्ने र नियमावलीको नियम ४ बमोजिमको काम, कर्तव्य र अधिकार प्रयोग गर्न सम्बन्धित (छ) र (ज) नम्बरको बुँदामा सदस्य छनौट गर्ने आधारहरु तपसिल बमोजिम रहने छन् ।

**३.१ नियमावलीको नियम ३(१छ) बमोजिम मानव वेचविखन तथा ओसारपसार विरुद्धको क्षेत्रमा कार्यरत संस्था वा व्यक्तिहरु मध्येबाट तीन जना महिला सदस्य छनौट गर्ने आधारः**

(क) स्थापनाकाल देखि नै मानव बेचविखन तथा ओसारपसार विरुद्धमा उल्लेखनीय कार्य गरेको हुनुपर्ने,

(ख) स्थानीय तहसम्म संजाल(Networking) रहेको गैर सरकारी सघ संस्था हुनु पर्ने,

(ग) विधानमा स्पष्ट रुपले मानव बेचविखन तथा ओसारपसार विरुद्धका अभियानहरु चलाएका, जनतालाई संख्यात्मक तथा गुणात्मक रुपमा शिक्षा चेतनामूलक कार्यक्रम गर्ने उद्देश्य लिएको हुनुपर्ने,

(घ) समसामयिक मुद्दालाई सम्बोधन गर्ने तथा विश्व परिवेशमा आएका मूल्य र मान्यतालाई आत्मसात गर्दै प्रभावकारी कार्य सम्पादन गरेको संघ संस्थालाई मान्यता दिनुपर्ने,

(ङ) विदेशमा अलपत्र परेकाहरुलाई उद्धार गर्ने तथा निजको सहमतिमा स्वदेश फिर्ता गर्ने प्रसगंमा वैदेशिक कूटनैतिक (असल कूटनैतिक) सम्बन्ध विस्तार गर्न सक्ने गैर सरकारी संघ संस्थालाई मान्यता दिनुपर्ने ।

(च) यथेष्ट श्रोत र साधनले युक्त भएका संघ संस्थालाई मान्यता दिनुपर्ने,

(छ) सृजनात्मक र रचनात्मक कार्य गर्न सक्ने र नीति, तथा कार्यक्रमलाई कार्यान्वियन गर्न सक्ने क्षमता भएका संघ संस्थालाई मान्यता दिनुपर्ने,

(ज) जोखिम बहन गर्न सक्ने, परोपकारी भावनाबाट अभिप्रेरित, जिम्मेवारी र जवाफदेहीपनाको संघ संस्थालाई प्राथमिकता दिनुपर्ने,

(झ) असल आचरण तथा उच्च छवी भएको संघ संस्था हुनु पर्ने,

(ञ) कम्तिमा ५ वर्ष सम्बन्धित क्षेत्रमा काम गरेको हुनु पर्ने ।

(ट) सरकारी रकम बाँकी बक्यौता नरहेको ।

(ठ) कानुन बमोजिम बैधता प्राप्त गरेको ।

**यसरी संस्थाहरु छनौट गर्दा निम्नानुसारको मूल्याकंन पद्धति अपनाईनेछ ।**

| क्र.सं. | विवरण | अंकभार |
|---|---|---|
| १. | मानव बेचबिखन तथा ओसारपसारको क्षेत्रमा कार्य गर्न पेश गरेको प्रस्ताव र अवधारणापत्रको मूल्यांकन | ५ |
| २. | संस्थामा मानव बेचबिखनबाट प्रभावितलाई राहत तथा पूर्नस्थापनाका लागि आवश्यक स्रोत साधन तथा जनशक्तिको उपलब्धता | १० |
| ४. | संस्थाको संचालक समितिमा मानव बेचबिखन तथा ओसारपसार प्रभावित भएमा (संख्यात्मक तथा गुणात्मक सुधार मूल्यांकन) | ५ |
| ५. | संस्थाले सञ्चालन गरेका गतिविधिलाई सरोकारवालासँग को सूक्ष्म मूल्यांकनबाट प्राप्त नतिजा तथा पीडित तथा प्रभावितहरुको क्षमता विकास, सकारात्मक सोच तथा घरायसी पूनरमिलन | ५ |
|  | जम्मा अंकभार | २५ |

**३.२ नियमावलीको नियम ३(१ज) बमोजिम मानव बेचविखन तथा ओसार पसार पीडित व्यक्तिहरुबाट दुई जना महिला सदस्य छनौट गर्ने आधार:**

(क) नेपाल सरकारद्धारा सञ्चालित पुनर्स्थापना केन्द्रबाट सेवा लिईरहेको हुनुपर्ने,

(ख) नीति तयार गर्न तथा कार्यान्वयन गर्ने सवालमा सकारात्मक भूमिका निर्वाह गर्ने तथा सक्रियता देखाउन सक्ने,

(ग) नेपाल सरकारको अनुदानद्धारा सञ्चालित पुनर्स्थापना केन्द्रबाट सेवा लिईरहेको हुनुपर्ने,

(घ) विगतको नराम्रो अनुभवको सिकाईबाट भविष्यमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका क्षेत्रमा योगदान दिन सक्ने ।

(ङ) सरकारी रकम बाकी बक्यौता नरहेको ।

(च) कानुन बमोजिम वैधता प्राप्त गरेको ।

दफा ३.२ बमोजिम मानव बेचविखन तथा ओसार पसार पीडित व्यक्तिहरुबाट दुई जना महिला सदस्य छनौट गर्दा सम्बन्धित संघ संस्थाको सिफारिसका आधारमा छनौट गर्न सकिने छ ।

**४. जानकारी गराउनु पर्ने:**

माथि उल्लिखित सदस्यहरु छनौट गर्दा सो वारेमा यथार्थ जानकारी गराउनको लागि मन्त्रालयलाई आफ्नो प्रोफाईल बुझाउनु पर्नेछ । अन्तर्राष्ट्रिय तथा राष्ट्रिय ख्यातिको प्रमाणपत्र भए पेश गर्नु पर्नेछ । मानव बेचविखन तथा ओसारपसार नियन्त्रण शाखाबाट सहि संस्था र व्यक्ति हो भन्ने विभिन्न आधार तथा कारणबाट प्रष्टयाउन सकेमा प्राथमिकतामा राखी त्यसको जानकारी मन्त्रालयमा दिनुपर्नेछ ।

**५. सिफारिस समिति**

५.१ ऐनको दफा २३ र नियमावलीको नियम ३ बमोजिमको राष्ट्रिय समितिको उपनियम १(छ) र (ज) बमोजिमको सदस्य छनौटका लागि सिफारिस गर्न एक सिफारिस समिति रहने छ ।

५.२ समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| (क) महाशाखा प्रमुख, महिला सशक्तिकरण महा. शाखा | संयोजक |
| (ख) गैरसरकारी संस्थाहरुको सञ्जाल (समूह) बाट २ जना | सदस्य |
| (ग) उपसचिव, मानव बेचबिखन नियन्त्रण शाखा | सदस्य सचिव |

५.३ समितिले कार्यविधीका आधारमा सिफारिस गर्नेछ ।

**६. संशोधन सम्बन्धि व्यवस्था:**

यस मापदण्डमा गरिएको कुनै दफा वा उपदफाहरु संशोधन गर्नुपरेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।